बैठक नं.९०

आज मिति २०७८/०८/१७ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिउँसो १:३० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | — |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | — |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | — |
| ६ | तेज बहादुर सुनार | सदस्य | — |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | — |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | डिल प्रसाद नेपाली | सदस्य | |
| २१ | रन्जित शेरचन | सदस्य | |
| २२ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २३ | बिमला श्रेष्ठ | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २६ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २७ | वीरेन्द्रदेव भारती | प्रमुख प्रशासकीय अधिकृत | |
| २८ | शिव प्रसाद रेग्मी | रा.प.प्रथम श्रेणी | |

सरस्वती कुँवर, का.वा. वडाध्यक्ष वडा नं.३

सुमित्रा गाहा, का.वा: वडाध्यक्ष वडा नं.१८

प्रदीप कुमार श्रेष्ठ- का वा वडाध्यक्ष-१

**प्रस्ताव नं.९०.१**
सिङ्गो बुटवल एक विद्यालय अवधारणा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८ टेवुल गर्ने सम्वन्धमा ।
**निर्णय नं.९०.१**
बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट तयार भई आजको वैठकमा प्रस्तुत हुन आएको सिङ्गो बुटवल एक विद्यालय आवधारणा कार्यक्रम कार्यान्वयन निर्देशिका, २०७८ टेवुल भयो ।
**प्रस्ताव नं.९०.२**
'घ' वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।
**निर्णय नं. ९०.२**
स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ(१०) तथा बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिम योग्यता भए नभएको सम्बन्धमा छानविनको लागि गठित सिफारिस समितिबाट नयाँ इजाजतपत्रका लागि सिफारिस भई पेश भएका देहाय बमोजिमका निर्माण व्यवसायी/फर्मलाई "घ" बर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | बेष्ट मल्टि प्रपोज कन्स्ट्रक्सन प्रा.लि. | बुटवल उ.म.न.पा.११ |
| २. | आर्यतारा कन्स्ट्रक्सन | बुटवल उ.म.न.पा.०८ |
| ३. | सुदर्शन कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि . | बुटवल उम.न.पा.११ |

**प्रस्ताव नं.९०.३**
जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
**निर्णय नं. ९०.३**
बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको बुटवल २ को उजिरसिंह अटो भिलेज क्षेत्रमा अटो व्यवसायलाई एकीकृत गरी सेवा प्रदान गर्ने अभिप्रायले अटो व्यवसायीहरुलाई जग्गा वहालमा उपलब्ध गराइएको र यसै सन्दर्भमा अटो मेकानिक्सहरुको पेशागत संस्था नेपाल अटो मेकानिक्स महासंघले केन्द्रीय तथा प्रदेश स्तरीय कार्यालय स्थापना गर्नका लागि सहुलियत वहाल दरमा जग्गा उपलब्ध गराउन माग भै आएकोले सोही क्षेत्रमा (ढ को क) खाली रहेको १० धुर जग्गा मासिक रु.१००।- प्रति धुर कायम गर्ने गरी सोही क्षेत्रको अन्य जग्गा सरह बहाल सम्झौता गरी भवन निर्माण प्रयोजनका लागि जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**प्रस्ताव नं.९०.४**

पानी व्यवस्थापन सम्बन्धमा ।

**निर्णय नं. ९०.४**

यस बुटवल उपमहानगरपालिका अन्तर्गत राजमार्ग चौराह देखि गोलपार्क सम्मको सडक लामो समय देखि सडक कार्यालयको टेण्डर प्रकियाबाट निर्माणकै क्रममा रहेको । उक्त सडक सम्पन्न हुन अझ केही समय लाग्ने बुझिएको हुँदा हालको सडकको जिर्ण अवस्था र धुलोका कारण आवतजावतमा कठिनाई र मुख्य बजार क्षेत्रको व्यापारमा समेत नकरात्मक प्रभाव परेको हुँदा मानवीय स्वास्थ्यलाई मध्यनजर राखि राजमार्ग चौराह देखि गोलपार्क सम्मको सडक क्षेत्रमा आवश्यकतानुसार पानी छिट्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

**प्रस्ताव नं.९०.५**

स्वागत तथा विदाई सम्बन्धमा ।

**निर्णय नं. ९०.५**

क.यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत (रा.प.प्रथम श्रेणी) पदमा सरुवा भई आउनु भएका श्री वीरेन्द्रदेव भारतीज्यूलाई हार्दिक स्वागत गर्दै यहाले यस कार्यालयमा रहदा अनुकरणीय कार्यहरु गरी नगरको समग्र विकासमा उच्च योगदान पुऱ्याउने थप विश्वासका साथ यो वैठक यहाँको सफल कार्यकालको कामना गर्दछ ।

ख.यस बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत पदमा कार्यरत रही सरुवा भई जान लाग्नु भएका श्री शिव प्रसाद रेग्मीज्यूले यस कार्यालयमा रही गर्नु भएको सेवाको उच्च मूल्यांकनका साथ हार्दिक धन्यवाद ज्ञापन गर्दै निजको आगामी सेवाकालीन कार्यकालको लागि हार्दिक शुभकामना सहित यो वैठक पूर्ण सफलताको कामना गर्दछ ।

**प्रस्ताव नं.९०.६**

स्वास्थ्यलाभको कामना ।

**निर्णय नं. ९०.६**

यस बुटवल उपमहानगरपालिकाको वडा नं.७ का वडाध्यक्ष श्री कमलप्रताप थापा अस्वस्थ्य भई हाल उपचारको क्रममा काठमाण्डौंमा रहनु भएको हुँदा यो कार्यपालिका वैठक निजको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु ।

**प्रस्ताव नं.९०.७**

शोक प्रस्ताव सम्बन्धमा ।

क.विगत लामो समयदेखि जनप्रतिनिधिको रुपमा रही जनताको सेवामा रहनु भएका मिलनसार, सहयोगी, कर्तव्यनिष्ठ एवं हाम्रा अभिभावक यस बुटवल उपमहानगरपालिकाको वडा नं.३ का वडाध्यक्ष श्री लाल प्रसाद बस्यालको वडा कार्यालयको काममा सकृय रहदा रहदै सोही दिन मिति २०७८।०८।०६ गतेका दिन असामयिक निधन भएको हुँदा दिवंगत

आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि यो वैठक गहिरो समवेदना प्रकट गर्दछ ।

ख.यस बुटवल उपमहानगरपालिकाको वडा नं.१२ का महिला वडा सदस्य श्री विष्णु शाहीका पति सुवेदार श्री झलक बहादुर शाहीको मिति २०७८।०८।११ गतेका दिन असामयिक निधन भएको हुँदा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनहरुमा धैर्य धारण गर्ने शक्ति मिलोस भनि यो वैठक गहिरो समवेदना प्रकट गर्दछ ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट बैठक समाप्त भएको जानकारी गराउनु भयो ।